# मानव अधिकार अवस्था

## जनवरी - फरवरी -मार्च

## २०११

## हिमराइट्स लाइफ लाइन एक चिनारी

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भइरहेको छ । यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मूल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो । यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो । यस्तो गम्भिर पृष्ठभूमिमा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएका परिवारजनहरु कहाँ छन् भनेर खोजी गर्नका लागि एउटा उपयुक्त मञ्चको आवश्यकता भएको कुरा महसुस गऱ्यो ।

यसरी हिमराइट्सले आन्तरिक द्वन्द्वका कारण भएको मानव अधिकार उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्ने, अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने एउटा भरपर्दो सेवा प्रदान गरेको थियो । हिमराइट्स सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो ।

हिमराइट्सले वर्तमान संक्रमणकालिन अवस्था समेतलाई मध्यनजर गर्दै आफ्ना क्रियाकलापहरुलाई निरन्तरता दिदैं आएको छ । हिमराइट्सको क्षेत्रीय, जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी विद्यमान मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आउनुको साथै जघन्य प्रकृतिका मानव अधिकार उल्लघंनका घटनाहरुको सत्यतथ्य पत्ता लगाई पीडितको पक्षमा दबाबमूलक वकालतहरु समेत गर्दै आइरहेको छ ।

### *जनवरी फरवरी मार्च महिनामा भएका प्रमुख घटनाक्रमहरु*

१) ६ जनवरी २०११ मा रौतहटको ईनरवारी गाविस वडा नं ७ निवासी अनिता देवी साहको दाइजो नल्याएको निहुँमा उनका श्रीमान् र घरका परिवार मिलेर हत्या ।

२) ८ फरवरी २०११ मा बाराको भगवानपुर घर भई जिल्ला प्रहरी कार्यलय पर्सामा कार्यरत प्रहरी सहायक निरीक्षक सिकेन्द्र प्रसाद यादवको अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा हत्या ।

(३) ९ फरवरी २०११ मा एकीकृत नेकपा माओवादीको प्रमाणीकरणमा अयोग्य भए पछि माओवादीको जनमुक्ति सेनाको विभिन्न शिविरबाट बहिर्गमनमा परेका लडाकुले राष्ट्रसंघको धनगढी स्थित कार्यालयमा तोडफोड गरेका थिए । बहिर्गमन भएका लडाकुलाई जीविकोपार्जनका लागि सहयोग पुऱ्याउन राष्ट्रसंघको सहयोगमा विभिन्न तालिम दिइदै आएको थियो । तालिममा सहभागी पूर्वलडाकुले खाना र बस्ने व्यवस्था गनुपर्ने माग गर्दै राष्ट्रसंघको कार्यालय तोडफोड गरेका हुन् । उनीहरुले कार्यालयको झ्यालको सिसाका साथै एउटा गाडी समेत तोडफोड गरेका थिए ।

(४) २२ फरवरी २०११ कलैया जिल्लास्थित जिल्ला मालपोत कार्यालयमा सुब्बा पदमा कार्यरत माधव थापाको अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्धारा गोली हानी हत्या ।

(५) २८ फरवरी  २०११ स्याङ्गजाको पुलतीबजार नगरपालिका १३ मायाटारीकी २४ बर्षिया बालिका अर्याल रेग्मीले घर परिवारबाट निरन्तररुपमा दाइजोको विषयलाई लिए यातना दिने गरेको सहन नसकी आत्महत्या ।

(६) २१ फरवरी २०११ मा सप्तरीको राजविराज नगरपालिका ५ निवासी रामकुमार साहका बर्ष ७ का छोरा आयुषकुमार साहको २८ दिनपछि २१ मार्च २०११ गते सोमबार अपहरण मुक्त ।

(७) २३ मार्च २०११ मा संखुवासभाको याफु गाविस ७ छोयाङ निवासी राम राईले आफ्नै १३ बर्षिया छोरी मेनुकाको बलात्कार पछि हत्या ।

(८) मार्च २५ २०११ मा रौतहटको गौरबाट चन्द्र निगाहपुर जाँदै गरेको बा २ ख ५७२१ नम्बरको बसमा विस्फोटन १३ जना घाइते साथै सोही दिन रौतहटको महिला विकास कार्यलयमा पनि सकेट बम विष्पोटन ।

(९) २६ मार्च २०११ मा नेपालगञ्जबाट बाँकेको कोहलपुर तर्फ जाँदै गरेको ना ४ ख १३३२ नम्बरको बसमा बम विष्फोटन ६ घाइते  ।

(१०) २६ मार्च २०११ मा नेपालगञ्जकै सात ठाउँमा बम विष्फोटन भएको र स्टार लजका एक कर्मचारी घाइते ।

(११) २७ मार्च २०११ भैरहवाबाट बुटवल आउँदै गरेको लु १ ख ३६६६ नम्बरको माइक्रो बसमा बम विष्फोटन २२ घाइते र उक्त घटनामा सक्त घाइते भएका एक को मृत्यु ।

(१२) २७ मार्च २०११ मा काभ्रे जिल्लाको वाडथली २ स्थित लाउरे देउरालीमा रोकी राखेको यात्रुवाहक बसमा विष्फोटन र १ जना घाइते ।

## मानव अधिकारको अवस्था

२०१० को जनवरी देखि मार्च तीनमहिनामा पनि मानव अधिकारको स्थिति गम्भिरै रह्यो । नेपाल सरकार तथा राज्यका संयन्त्रहरु सर्वसाधारण जनताको सुरक्षा तथा शान्तिको बातावरण कायम गर्नुपर्ने जिम्मेवारीबाट अझै पनि चुकेको अवस्था रहि नै रह्यो । विषेश गरी मार्च महिनामा र तराई जिल्लाहरु तथा काभ्रे जिल्लामा भएको बम विष्फोटनका घटनाले नागरिकको बाँच्न पाउने तथा निर्भयपूर्वक हिडडुल गर्ने अधिकारको गम्भीर उल्लंघन भयो । तीन महिनाको अन्तरालमा करिब ७५ वटा बाल अधिकार उल्लंघनका घटनाहरु भए । बालबालिकाहरु बलात्कारको शिकार हुने, अपहरणमा पर्ने, अकालमा ज्यान गुमाउने जस्ता घटनाहरुले निरन्तरता पाए । जेल जस्तो अत्यन्त संवेदनशील स्थानमा समेत बाहिरबाट पुगेको व्यक्ति गोली चलाई कैदीलाई मार्ने प्रयास गर्नुले सरकारको सुरक्षा संयन्त्र अत्यन्त फितलो भएको सहजै देखिएको छ । यसको साथै हत्या, अपहरण, धम्की, बलात्कार तथा बन्द लगायतका हिंसात्मक घटनाहरुमाथि नियन्त्रण हुन नसक्दा सर्वसाधारण जनता डर, त्रास र आतंकमा बाँचिरहनु पर्ने अवस्था देखिएको छ । यौनजन्य हिंसा, बलात्कार, हत्या जस्ता गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमा संलग्न भएका पीडकहरुलाई कानुनको दायराभित्र ल्याउन नसक्नुले राज्य संयन्त्रहरु निरीह देखिनुका साथै कानुन विहिनता र दण्डहिनताको स्थितीले प्रश्रय पाइरहेको स्थिति छ । तराईका अधिकांश जिल्लाहरुमा भूमिगत समूहका कार्यकर्ताहरुबाट स्थानीय व्यापारी, शिक्षक तथा सर्वसाधारणहरुसँग चन्दा माग्ने र नदिएमा अपहरण गर्ने, धम्की दिने कार्य जारी छ । त्यस्तै शिक्षक नियुक्तिको विवाद, व्यवस्थापन समितिको विवाद जस्ता विभिन्न नाममा  विद्यालय बन्द गराउने कार्यले निरन्तरता पाइरहेको छ । शिक्षकहरु हत्या हिंसा जस्ता घटनाहरुको सिकार हुनु परिरहेको स्थिति छ । यसैगरी विगतको सरकारले दिएको राजिनामा स्वीकृत भइसकेपछि नयाँ सरकार गठन भई दुई महिना बितिसक्दा पनि प्रमुख राजनीतिक दलहरु बिचको खिचातानिले सरकारले पूर्णता पाउन सकिरहेको छैन । जसले गर्दा दैनिक प्रशासनिक क्रियाकलापहरु सुचारु रुपले संचालन हुन सकिरहेको छैन ।  सेना समायोजन तथा संविधान निर्माणको सर्न्दभमा दलहरु बीच सहमति हुन नसकेको कारणबाट लामो समयदेखि मुलुकले निकास पाउन सकेको छैन । जसको परिणाम स्वरुप मुलुकमा शान्ति सुरक्षाको स्थिति मजबुत बन्न सकिरहेको छैन ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले यसका जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ । त्यस्तै सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षणका लागि साझेदारी संस्थाहरुबाट प्राप्त बाल अधिकार उल्लघंनका सूचनाहरुलाई समेत मानव अधिकार अवस्थामा आधार मानिएको छ। यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका सूचनाहरु संकलन गर्दछन्। त्यसै गरी संचार माध्यमहरुमा प्रकाशित सूचनाहरुलाई पनि आधार मानी यो मानव अधिकार अवस्था सार्वजनिक गर्दै आएको छ।

**अनुगमनबाट जनवरी, फरवरी, मार्च सहित तीन महिनाको बीचमा करिब ३२७ वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएका छन्। जसमा जनवरीमा ११५ र फरवरीमा ७९ वटा र मार्च महिनामा १३३ मानव अधिकारका घटनाहरु तथा जनवरीमा ३७ र फरवरीमा २४ वटा र मार्च महिनामा १४ वटा बालअधिकार उल्लघंनका घटनाहरु सूचिकृत गरिएको छ। मुलुकभरीका लगभग ५६ वटा जिल्लाहरुमा भएका घटनाहरुको आधारमा यो सूचाङ्क तयार पारिएको छ। विगत तीन महिनामा अभिलिखित ३२६ घटनाहरु मध्ये पूर्वी, मध्य र पश्चिम तराईका जिल्लाहरुमा मात्रै ९५ वटा मानव अधिकार तथा बाल अधिकार उल्लंघनका घटनाहरु भएका छन्। हत्या, हिंसा, अपहरण बम विष्फोटनका साथै यौनजन्य हिंसाहरुबाट तराई अशान्त नै रह्यो। पछिल्लो महिना अर्थात् मार्च महिना मा दिनहुँ जस्तो भएको बम विष्फोटन बाट खास गरी तराई क्षेत्र अशान्त रह्यो।**

विगत तीन महिनामा भएका घटनाहरुको समीक्षा गर्दा एनेकपा माओवादी तथा वाइसिएलका कार्यकर्ता तथा तिनका भातृ संस्थाहरुले पार्टीको निर्णयको नाममा आन्दोलनका निम्ति चन्दा संकलन कार्यलाई दोहोर्‍याई नै रहेका छन्। त्यसै गरी अखिल तराई मुक्ति मोर्चा, अखिल क्रान्तिकारी, तराई जनतान्त्रिक मधेश, अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता, तराई जनवादी वर्कस पार्टी तथा नयाँ नयाँ अपराधिक समूहहरुले हत्या, अपहरण तथा धम्कीको घटनाहरु निरन्तर भइरहेका छन्। त्यस्तै महिलामाथि हुने घरेलु हिंसा, बलात्कार, यातना जस्ता अमानवीय क्रियाकलापहरुले समेत प्रश्रय पाइरहेका छन्। खास गरी तीन महिनाको बीचमा अपराधिक क्रियाकलापबाट र व्यक्ति गत रिसइबीका कारणबाट हुने हत्या हिंसाका घटनाहरु पनि समाजमा बढेको पाइयो।

साथै विगतका महिना भन्दा पछिल्लो महिनामा तराई लगायत विभिन्न जिल्लाहरुमा दिनहुँ जस्तो सार्वजनिक यातायातको साधन, सार्वजनिक संस्था, होटल लगायतका आम मानिसले प्रयोग गर्ने साधन तथा स्थललाई निसाना बनाई बम विष्फोटन गराउने घटनाहरु वृद्धि भएको छ।

हिमराइट्सले मानव अधिकार अवस्थाको अभिलेखिकरण मात्र गर्ने हैन कि संस्था कार्यरत जिल्लाहरुमा हिंसा, बलात्कार जस्ता घटनाका पीडित बालबालिकालाई सकंटकालिन औषधोपचारको सहयोग तथा द्वन्द्व पीडित बालबालिकाहरुका लागि शैक्षिक सहयोग समेत उपलब्ध गराइरहेको छ।

**तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु**

| मानव अधिकार उल्लंघन | जनवरी | फरवरी | मार्च |
|---|---|---|---|
| हत्या | १४ | १० | १३ |
| अज्ञात शव प्राप्त | २ | २ | २ |
| गोली लागी घाइते - विभिन्न समूहबाट | २ | २ | २ |
| अपहरण | २ | २ | ३ |
| ज्यान मार्ने धम्की | ४ | ३ | ५ |
| कुटपिट | १७ | ८ | १२ |
| महिला हत्या/हिंसा | ९ | २ | ४ |
| बोक्सीको आरोपमा यातना (महिला) | ३ | ४ | ५ |
| महिला हिंसा - कुटपिट (अन्य कारणबाट) | ८ | ५ | ६ |

| | | | |
|---|---|---|---|
| यौन दुर्व्यवहार (महिला) | ३ | ६ | ५ |
| विष्फोटन | ५ | २ | १३ |
| विष्फोटन बाट घाइते | २ | ० | ४३ |
| बम विष्फोटन बाट मृत्यु | ० | ० | २ |
| बन्द -नेपाल, क्षेत्र, जिल्ला) | ६ | ७ | २ |
| **चन्दा** | **१** | **०** | **२** |
| **जग्गा कब्जा** | | **२** | **०** |
| **जम्मा** | **७८** | **५५** | **११९** |

**तलिका २ : बाल अधिकार उल्लंघनका घटनाहरु**

| बाल अधिकार उल्लंघन | जनवरी | फरवरी | मार्च |
|---|---|---|---|
| हत्या | ३ | ४ | १ |
| अपहरण / बेपत्ता | १ | २ | २ |
| राजनीतिक प्रयोग | १ | ० | ० |
| यातना/घाइते/कुटपिट | ९ | ६ | ३ |
| यौन दुर्व्यवहार | ९ | ५ | ४ |
| विद्यालय बन्द आक्रमण | ११ | ७ | ४ |
| बम विष्फोटनबाट बालबालिका घाइते | ३ | ० | ० |
| **जम्मा** | **३७** | **२४** | **१४** |
| **जम्मा मानव अधिकार + बालअधिकार** | **११५** | **७९** | **१३२** |

HimRights

## तालिका : ३ मानव अधिकार अवस्था - जनवरी

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ७ | २ | ५ | १४ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ३ | गोली लागी घाइते | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ६ | ज्यान मार्ने धम्की | | | | ४ | | | ४ |
| ७ | कुटपिट | २ | ३ | ६ | १ | ४ | १ | १७ |
| ९ | महिला हत्या/हिंसा | | | | | | ९ | ९ |
| १० | बोक्सीको आरोप | | | | | | ३ | ३ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ८ | ८ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ३ | ३ |
| १३ | बम विष्फोटन | | | | ५ | | | ५ |
| १४ | विष्फोटनबाट घाइते | | | | २ | | | २ |
| १५ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | १ | १ | १ | | | ३ | ६ |
| १६ | चन्दा | | | | १ | | | १ |
| | **बाल अधिकार** | | | | | | | |
| १ | हत्या | | | | | | ३ | ३ |
| २ | बम विष्फोटन बाट घाइते | | | | ३ | | | ३ |
| ३ | अपहरण/बेपत्ता | | | | १ | | | १ |
| ४ | राजनीतिक कार्यक्रममा प्रयोग | | | १ | | | | १ |
| ५ | यातना/घाइते/कुटपिट | | | | | | ९ | ९ |
| ६ | यौन दुर्व्यवहार | | | | | | ९ | ९ |
| ७ | विद्यालय बन्द/आक्रमण | १ | | १ | | | ११ | १३ |
| | **जम्मा** | | | | | | | **११५** |

*तालिका : ४ मानव अधिकार अवस्था -फरवरी*

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | अज्ञात समूह/सशस्त्र समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य / सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ७ | १ | २ | १० |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ३ | गोली लागी घाइते | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ६ | ज्यान मार्ने धम्की | | | | ३ | | | ३ |
| ७ | कुटपिट | | | | ८ | | | ८ |
| ८ | महिला हत्या/हिंसा | | | | | | २ | २ |
| ९ | बोक्सीको आरोप | | | | | | ४ | ४ |
| १० | यातना/घाइते/ कुटपिट | | | | | | ५ | ५ |
| ११ | यौन दुर्व्यवहार (महिला) | | | | | | ६ | ६ |
| १२ | विष्फोटन | | | | २ | | | २ |
| १४ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | ७ | | | ७ |
| १६ | घरजग्गा कब्जा | १ | | | १ | | | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | हत्या | | | | | | ४ | ४ |
| ३. | अपहरण/बेपत्ता | | | | | २ | | २ |
| ४. | यातना/घाइते/कुटपिट | | | | | २ | ४ | ६ |
| ५. | यौन दुर्व्यवहार | | | | | | ५ | ५ |
| ६. | विद्यालय बन्द/आक्रमण | १ | | | | | ६ | ७ |
| | **जम्मा** | | | | | | | ७९ |

## तालिका : ३ मानव अधिकार अवस्था - मार्च

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | २ | - | ११ | १३ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ३ | गोली लागी घाइते | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ५ | | | ५ |
| ७ | कुटपिट | २ | ३ | २ | १ | १ | ३ | १२ |
| ९ | महिला हत्या/हिंसा | | | | | | ३ | ३ |
| १० | बोक्सीको आरोप | | | | | | ५ | ५ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ६ | ६ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ५ | ५ |
| १३ | बम विष्फोटन | | | | १२ | | | १२ |
| १४ | विष्फोटनबाट घाइते | | | | ४३ | | | ४३ |
| १५ | विष्फोटनबाट मृत्यु | | | | १ | | | २ |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | | | | | २ | २ |
| १७ | चन्दा | | | | २ | | | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १ | **हत्या** | | | | | | १ | **१** |
| ३ | अपहरण/बेपत्ता | | | | २ | | | २ |
| ३ | यातना/घाइते/कुटपिट | | | | | | ३ | ३ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ४ | ४ |
| ५ | विद्यालय बन्द/आक्रमण | १ | | १ | | | २ | ४ |
| | **जम्मा** | | | | | | | **!##** |

HimRights

## निष्कर्ष

माथि उल्लेखित तथ्याङ्कहरुको आधारमा मानवअधिकारको स्थितिको विश्लेषण गर्दा आम नागरिकहरुले अझै पनि भयरहित वातावरणमा बाँच्न पाउने, जीविकोपार्जन गर्न पाउने अधिकारको निर्धक्कसाथ उपभोग गर्ने अवस्था रहेको देखिदैन् । मुलुकको तराई क्षेत्रमा क्रियाशिल सशस्त्र समूहहरुका हत्या, हिंसा र आतंककारी क्रियाकलापहरुबाट अझै पनि तराई आक्रन्त नै छ । तराईमा चन्दा आतंक, अपहरण र लुटपाटका घटनाहरुलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिन सकिरहेको छैन । भूमिगत रुपमा संचालित सशस्त्र समूहहरुका क्रियाकलापहरुले मानिसको बाँच्न पाउने अधिकार तथा समग्र सुरक्षामाथि चुनौती दिइरहेका छन् । यसैगरी गत तीन महिनामा बालबालिकाको अपहरण तथा हत्या गर्ने, यातना दिने जस्ता बालअधिकार उल्लंघनका घटनाहरुमा पूर्ण विराम लाग्न सकेन । त्यस्तै तराई तथा पहाडी जिल्लाहरुमा १६ वर्ष मुनिका बालिकामाथि विभिन्न समूह र व्यक्तिबाट भएका यौन हिंसा तथा बलात्कारका घटनाहरु हुने क्रम जारी छ । विभिन्न घटनाहरुमा संलग्न अपराधी वा समूहहरुलाई हुने गरेको राजनीतिक संरक्षणको कारण दण्डहिनता बढ्नुका साथै अपराधिक क्रियाकलापहरुले प्रोत्साहन पाइरहेका छन् । गत मार्च महिनामा मूलतः तराईका जिल्लाहरुमा भएका बम विष्फोटनका घटनाहरुले जनताको बाँच्न पाउने, निभर्यपूर्वक हिडडुल गर्न पाउने अधिकारमाथि धावा बोलेका छन् । यसैले समाजमा भइरहेका यस्ता आपराधिक क्रियाकलापहरुमाथि नियन्त्रण गर्न तथा जनताको जीउ, धनको सुरक्षाका लागि राज्यले सुरक्षा स्थितिलाई मजबुत पार्नु पर्ने र संलग्न अपराधीहरुलाई कानुनको दायरामा ल्याउनुका साथै विष्फोटन पीडितहरुको उपचार र क्षतिपूर्तिका लागि ठोस कदम चाल्नु पर्ने आवश्यकता देखिएको छ ।

यसको अतिरिक्त राजनीतिक दलहरु बीच सेना समायोजन, राज्यको पुनर्संरचना, राज्यको शासकीय स्वरुपलगायतका सवालहरुमा सहमती हुन नसक्दा संविधान लेखन तथा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्यमा ढिलाई भइरहेको छ । संक्रमणकाल जति लम्बियो उति नै मुलुक अन्योलग्रस्त अवस्थातिर ढल्कदै जाने भएकोले देखा परेका विवादहरुलाई आपसी छलफलद्वारा हल गर्दै संविधान लेखनको ऐतिहासिक दायित्वलाई निर्धारित समयभित्रै पूरा गर्नका लागि सम्बन्धित सबै पक्ष सचेत हुन जरुरी छ ।

HimRights

**मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्ध !!!!**

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np
वेवसाइट : www.himrights.org